आज मिति २०८२।०६।२२ गते बुधबारका दिन यस खोटेहाङ गाउँपालिकाको १६३ औं कार्यपालिकाको बैठक अध्यक्ष श्री उदिम बहादुर राईज्यूको अध्यक्षतामा देहाय बमोजिमको सदस्यहरुको उपस्थितिमा बसि निम्न निर्णयहरु गरियो।

| हस्ताक्षर | पद | नाम थर | कैफियत |
|---|---|---|---|
| | गाउँकार्यपालिका अध्यक्ष | श्री उदिम बहादुर राई | |
| | गाउँकार्यपालिका उपाध्यक्ष | श्री रुपेश राई | |
| | वडा अध्यक्ष १ नं वडा | श्री धन ब. महाराजी | |
| | वडा अध्यक्ष २ नं वडा | श्री पारस राई | |
| | वडा अध्यक्ष ३ नं वडा | श्री जेफर राई | |
| | वडा अध्यक्ष ४ नं वडा | श्री तिलक बहादुर बस्नेत | |
| | वडा अध्यक्ष ५ नं वडा | श्री किरण राई | |
| | वडा अध्यक्ष ६ नं वडा | श्री बसन्त राई | |
| | वडा अध्यक्ष ७ नं वडा | श्री शिव प्रसाद फयल | |
| | वडा अध्यक्ष ८ नं वडा | श्री चन्द्र बहादुर थापा | |
| | वडा अध्यक्ष ९ नं वडा | श्री ईन्द्र बहादुर राई | |
| | कार्यपालिका सदस्य | श्री अन्जु राई | |
| | कार्यपालिका सदस्य | श्री कमला विश्वकर्मा | |
| | कार्यपालिका सदस्य | श्री मिनाकला राई | |
| | कार्यपालिका सदस्य | श्री सुशिला राई | |
| | कार्यपालिका सदस्य | श्री फुर्वा शेर्पा | |
| | कार्यपालिका सदस्य | श्री मान बहादुर वि.क. | |
| | सदस्य सचिव | श्री महेश राई | |

## मिति २०८२ असोज २२ गते कार्यपालिकाको १६३ औं बैठकको प्रस्ताव

१) विपद सम्बन्धमा
२) सरुवा सहमति सम्बन्धमा
३) विपद पश्चात क्षति पुगेका पूर्वाधार पुनर्निर्माणका लागि सिफारिस सम्बधमा
४) विविध

## निर्णयहरु

**निर्णय नं.१:** प्रस्ताव नं. १ छलफल गर्दा मिति २०८२ असोज १८ गतेदेखि देशैभर परेको अविरल वर्षाले खोटेहाङ गाउँपालिकाभित्र मानवीय, भौतिक साथै कृषि तथा पशु सेवा क्षेत्रमा समेत ठूलो क्षति भएको हुनाले सुरुवातमा ततकालै क्षतिहरुको विवरण संकलन गरी अवरुद्ध भएका सडक बाटाहरु यथाशिघ्र सफाइ गरी यातायात सूचारु गराउने र छिटो भन्दा छिटो पीडितहरुलाई राहत प्रदान गर्नुका साथै भत्किएका संरचनाहरुको पुनर्निर्माणको योजना बनाइ अघी बढ्ने निर्णय सर्वसम्मतले पारित गरियो।

**निर्णय नं.२:** प्रस्ताव नं. २ माथि छलफल गर्दा यस कार्यालयमा कार्यरत स्थानिय इन्जिनियरिङ्ग सेवा, सिभिल समूह, सहायकस्तर पाँचौ तहमा कार्यरत सब-ईन्जिनियर श्री अनुप खड्कालाई अन्यत्र स्थानीय तहमा सरुवा भइ जान सरुवा सहमति दिने निर्णय सर्वसम्मतबाट पारित गरियो।

**निर्णय नं.३:** प्रस्ताव नं. ३ सम्बन्धमा छलफल गर्दा मिति २०८२ असोज १८ गतेदेखि देशैभर परेको अविरल वर्षाको कारण खोटेहाङ गाउँपालिकाभित्रका मुख्य तथा भित्री सडकहरुमा ठूलो क्षति गइ सवारी साधन आवतजातमा समेत समस्या भइरहेको र त्यसलाई तत्कालै समाधान गर्न नसकेमा झनै ठूलो क्षति हुने भएकोमा उक्त सडकहरुको मर्मत सम्भार गर्न पालिका सँग समेत बजेट अपुग भइ प्रादेशीक र संघीय सरकार समक्ष बजेट माग गर्नु पर्ने भएकोले देहायका सडक/बाटोहरुमा विपद सम्बन्धी बजेट माग गर्ने निर्णय सर्वसम्मतले पारित गरियो।

**तपसिल**

१. रसुवा पाँचधारे सडक
२. खोटाङबजार देखि ठाँटिभन्ज्याङ हुँदै पामाखाम भन्ज्याङ जोड्ने सडक
३. खोटाङबजारदेखि एयरपोर्ट हुँदै चिप्रिङ टुवाखोला जोड्ने सडक
४. खोटाङबजार-ठुलीबेशी हुँदै रसुवा जाने सडक
५. मेर्ला- खोटाङबजार सडक
६. लिकुवापोखरी गणेशचौतारा मिलनचोक सडक
७. रमाइलो देखि मावे हुँदै सिम्पानी जोड्ने सडक
८. सिम्पानीदेखि बर्रे हुँदै खोटाङबजार जोड्ने सडक

**निर्णय नं.४:** प्रस्ताव नं. ४ को विविध सम्बन्धमा छलफल गर्नुपर्ने कुनै विषय नरहेकोले आजको बैठक समापन गरियो।